# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## बडिकेदार गाउँपालिका

## डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
**(सुदूरपश्चिम प्रदेश)**

पत्र संख्याः २०७८।७९
च.नं. ३६४ मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बडिकेदार गाउँपालिका,
डोटी।

**कैफियत सहितको राय**

हामीले बडिकेदार गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.३ करोड १९ लाख बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.६२ लाख २ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७७ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७० लाख १७ हजार र पेश्की रु.९ लाख ३४ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.७ करोड ४२ लाख ६९ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड ४ लाख ४३ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको,असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## बडिकेदार गाउँपालिका, डोटी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८८ | ४४ | ३१९०० | ० | ० | ० | ८८ | ४४ | ३१९०० | ६२०२ | १७०१७ | ७७४७ | ० | ० | २४७६४ | ९३४ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७४२६९ | 0 | ५७२६ | ६८५४३ | 0 | ३१९०० | १००४४३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बडिकेदार गाउँपालिका, डोटी , बदिकेद्वार गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिपकराज जैशी | २०७७-४-१ | |
| कार्यालय प्रमुख | महेश दत्त भट्ट | २०७८-१-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | युवराज भट्ट | २०७७-४-१ | |
| लेखा प्रमुख | युव राज भट्ट | २०७७-४-१ | २०७९-२-२३ |
| लेखा प्रमुख | लोकराज भट्ट | २०७८-११-११ | २०७९-२-२३ |
| | | **बेरुजु रकम** | ३१,९००,४७६ |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,१४,६७,०३४.५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,२३,२८,०८० | **चालु खर्च** | २१,४१,९१,९४३ |
| **प्रदेश सरकारबाट अनुदान** | १,२७,५३,००० | **पूँजीगत खर्च** | १४,९३,५२,९०८.५ |
| **राजश्व बाँडफाँट** | ५,८६,९२,१५० | **वित्तीय/अन्य व्यवस्था** | २,६२,५३,८८४.६ |
| **आन्तरिक आय** | २१,००,००० | | |
| **अन्य आय** | ५३,५१,०८७.२८ | | |
| **कुल आय** | ३८,१२,२४,३१७.२८ | **कुल खर्च** | ३८,९७,९८,७३६.१ |
| **बाँकी मौज्दात** | | २८,९२,६१६.०१ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, ३२५ वर्ग किलोमिटर क्षेत्रफल तथा १६ हजार ६५१ जनसंख्या रहेको छ ।<br>**१. वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्ने उल्लेख छ । सोही ऐनको दफा ६९ मा तोकीय बमोजिम गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन । ऐनले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **वित्तिय विवरण र बैंक स्टेटमेण्टमा फरक** | |
| २.१ | | | गाउँपालीकाले पेश गरेको वैक स्टेटमेण्ट अनुसार बैंक मौज्दात रु. १३९००५२.०० देखिएकोमा स्थानिय संचित कोष प्रणाली (सूत्र) ले रु.१२९०५३९.९४ देखाएकोले रु.९९५१२.०६ फरक परेको देखियो । यसरी बैंक स्टेटमेण्ट अनुसारको मौज्दात र स्थानिय संचित कोष प्रणाली (सूत्र) ले देखाएको फरक रकम सम्वन्धमा पालीकाले यकिन गरी विवरण पेश गर्नुपर्ने रु. | ९९,५१२.०६ |
| २.२ | | | गाउँपालीकाले पेश गरेको विवरण अनुसार यस आर्थिक बर्षमा कूल खर्च रु. ३९ करोड ३२ लाख २६ हजार भनी उल्लेख छ । तर गाउँपालीकाले पेश गरेको एकिकृत आर्थिक विवरणमा रु.३९ करोड २६ लाख ९१ हजार भनी उल्लेख छ जसले गर्दा रु.५३५०००.०० को फरक परेको देखियो । सो सम्वन्धमा कार्यालयले यकिन गर्नुपर्ने देखिन्छ । | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

· गाउँपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैङ्क विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरेको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन ।

· वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन साथै खाता पालीकाको शाखा पिच्छे फरक फरक राखेको पाईयो ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास अभिलेख नराखेको ।

· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ दफा ३ वमोजिम पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले ग्रामिण सडकहरुको मापदण्ड तोक्न सक्ने अवस्थामा सो नगरी अति साँघुरा वाटोहरुमा बजेट विनियोजन गरी खर्च गरेको पाइयो।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>· निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· अग्रिम कर कट्टीको रकमहरुको बैक दाखिला भौचर एकिन गर्न सकिएन । कुन कट्टा रकम कहिले दाखिला भएको हो भन्ने स्पष्ट गरी भौचर क्रमबद्धता नभई एकमुष्ठ राख्ने गरेको छ, सो सम्वन्धि सुधार हुनुपर्दछ ।<br>· संघिय सशर्त अनुदानको बाँकि रकमहरु को.ले.नि.का. डोटिको खातामा दाखिला नगरी कैलालीमा दाखिला गरेको छ जसले गर्दा हिसाब मिलानमा समस्या पर्ने देखिन्छ ।<br>· भ्रमण आदेश। भ्रमण विल जस्ता आदेश कागजातमा एक अर्काको नाम भएको, रकम बुझेको जस्ता भरपाईहरु छुट हुने गरेकोले खर्च लेख्दा सामान्य ध्यान पुर्याउनुपर्ने व्यहोरामा समेत ध्यान दिएको छैन<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **तलबि प्रतिवेदन पारित**<br>निजामती सेवा ऐन, 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । | |
| ५ | | | **बरबुझारथ**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गर्न सुझाव दिएपनि गरेको देखिएन। गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ६ | | | **सम्पत्ति हस्तान्तरण** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालीकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ७ | | | **बजेट सिमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा गाउँपालिकाबाट एकमुष्ठ बजेट सीमा तयार गरे पनि उल्लेखित अन्य कार्यहरु गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार विषय क्षेत्रगत बजेट सीमा लगायत बजेट प्रक्षेपणको सम्बन्धमा नियम तथा कार्यविधिको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |
| ९ | | | **गत विगतको भुक्तानी**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७6।77 मा बिभिन्न स्वास्थ्य कर्मचारीहरु, उपभोक्ता समितीलाई रू. ६९१५७१०.०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा | |

यो बर्ष भुक्तानी गरेको देखिन्छ २०७७।७8 को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सृजना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

१०

**चौमासिक खर्च**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, 2077 मा पूजीगत खर्चको 40 प्रतिशत भन्दा बढी रकम अन्तिम चौमासिकको अन्तिम 3 महिनामा खर्च गर्न नपा◌्इने र असारमा मात्र 20 प्रतिशत भन्दा बढी खर्च गर्न नपा◌्इने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** (रु हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** | |
| चालु खर्चतर्फ | 137373 | ४७०७६ | ४२०७८ | ४८२१९ | ६४४३३ | |
| पूँजिगतखर्चतर्फ | 25585३ | १०६४९ | ४०८६९ | २०४३३५ | ७४४८० | |
| जम्मा | 393226 | ५७७२५ | ८२९४७ | २५२५५४ | १३८९१३ | |
| प्रतिशत | | १४.६७ | २१.०९ | ६४.२३ | ३५.३२ | |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. ३९३२२६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू. ५७७२५ हजार अर्थात १४.६७ प्रतिशत, दोश्रो चौमासिकमा रू.८२९४७ हजार अर्थात २१.०९ प्रतिशत र तेश्रो चौमासिकमा रू.२५२५५४ हजार, अर्थात प्रतिशत ६४.२३ खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. १३ करोड ८९ लाख १३ हजार अर्थात ३५.३२ प्रतिशत खर्च भएको देखिएकाले असारमा खर्च भार बढी भएको देखिन्छ । अतः पालिकाले स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

११

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७8 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | 40445278 | 32728765.5 | 80.92 |
| २ | पूर्वाधार विकास | 102301800 | 81005668 | 79.18 |
| ३ | सामाजिक विकास | 207390002 | 184081581 | 88.76 |
| ४ | बातावरण तथा विकास | ०.०० | ०.०० | ०.०० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 7481000 | 5859225 | 78.32 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 67336370 | 59965612 | 89.05 |
| **जम्मा** | | **४२४९५४४५०.०** | **३६३६४०८५१.५०** | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी अन्य कार्यालय संचालन तथा प्रशासनिकमा ८९.०५ प्रतिशत र सबै भन्दा कम संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा ७९.१८ प्रतिशत मात्र खर्च भएको अवस्था छ । त्यस्तै गरी वातावरणीय संरक्षणको क्षेत्रमा पालीकाले रकम विनियोजन गरेको पाईएन । स्थानीय तहको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका सूचकहरुको आधारमा बजेट सांकेतिकरण गरी बजेटलाई समावेशी तथा दिगो विकासका स्थानीय लक्ष्य गन्तव्य र सूचकहरुको प्राप्तिमा केन्द्रित गराउनु पर्दछ।

१२

**खर्च विश्लेषण**

गाउँपालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु २१ लाख राजस्व बाँडफाँड र अनुदानबाट रु ५ करोड ८६ लाख ९२ हजार समेत रु ६ करोड ७ लाख ९२ हजार आम्दानी भएकोमा चालु तर्फ रु १३ करोड ७३ लाख ७३ र पूँजिगत तर्फ रु २५ करोड ५८ लाख ५३ हजार समेत रु ३९ करोड ३२ लाख २६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ४६ लाख ७१ हजार खर्च भएको छ जुन आन्तरिक आयको २२२.४२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ३४.९ प्रतिशत चालु र ६५.१ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| १३ | | | **लक्ष्य प्रगति**<br>**कार्यालयको चौमासिक तथा प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय १०० योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको छ ।** रु हजारमा | |

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | **बार्षक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५ % सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| मूल कार्यक्रम संख्या | १०० | ५ | १० | २० | ५० |
| **जम्मा** | १०० | ५ | १० | २० | ५० |

पालीकाले तोकिएको ढाँचामा प्रगती विवरण पेश नगरी एकमुष्ठ प्रगती बनाई पेश गरेको छ जसले गर्दा लक्ष्य र प्रगतीको यथार्थ विस्लेषण गर्न सकिएन । अतः तोकिएको ढाँचामा प्रगती विवरण बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, इन्जीनियर, सहित १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा ५९ जना करार नियुक्ति गरी बर्षभरीमा रु १३६११२६८.०० भुक्तानी गरेको देखियो । ऐन नियमको प्रावधान अनुसार कर्मचारी व्यवस्था हुनु पर्दछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | | | **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त दरबन्दी पदपूर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ ।<br><table><tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>५</td><td>५</td><td>४</td><td>१</td></tr></table> | |
| १८ | | | **सेवा प्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १२ ऐन, ४ नियमावली, 14 कार्यबिधि लगायत ३५ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ वटा |
| **पञ्जिकरण तर्फ** | |
| जन्मदर्ता | १२०३ वटा |
| मृत्युदर्ता | १२५ वटा |
| बसाईसराई दर्ता | ३२५ वटा |
| विवाह दर्ता | २११ वटा |
| सम्बन्धविच्छेद दर्ता | २ वटा |
| **प'र्वाधार विकास सडक निर्माण** | १३.७० कि.मी. |
| कालोपत्रे सडक निर्माण | - |
| कालोपत्रे सडक मर्मत | - |
| ग्राभेल सडक निर्माण | - |
| ग्राभेल सडक मर्मत | - |

१९

**योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५÷७६ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्

| रु १ लाख सम्मका | रु १ लाख देखि 5 लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | 50 लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| २९ | ३६ | १८ | १२ | ५ | १०० |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु ५० लाख देखि रु १ करोड सम्मका जम्मा ५ वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र २९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| २० | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल गरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । तर पालीकाले लेखा समिति गठन गरेको पाईएन, साथै लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थापकिय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| २१ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ४ वटा नियमावली, १३ वटा कार्यविधि लगायत ३५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । कार्यपालिकाबाट स्वीकृत गरेका उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २२ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष १२ वटा उजुरी भएकोमा सवै फछ्र्यौट भएको देखिन्छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | | | **कार्यविभाजन तथा सम्पादन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यापालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ भन्ने व्यबस्था छ । सो नियमावलीमा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्नेमा पालिकाले हाल सम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको छैन । कार्य विभाजन नियमावली स्वीकृत गरी स्थानीय तहलाई संस्थागत गर्नु पर्दछ । | |
| २४ | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार व्यवस्थित नभई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २५ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रू. ४६७१५००.०० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ६ | कार्यपालिका सदस्य १४ जना | सभाका सदस्य ३३ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 16000 | 14000 | 64000 | 98000 | 44000 | 236000 |
| २ | यातायात खर्च | | | | | | |
| ३ | टेलिफोन,मोबाइल | 72000 | 60000 | 210000 | 252000 | 360000 | 954000 |
| ४ | पत्रपत्रीका, ईन्टरनेट | 60000 | 54000 | 240000 | 252000 | 360000 | 966000 |
| ५ | समन्वय तथा सहजीकरण | 108000 | 84000 | 360000 | 420000 | 54000 | 1026000 |
| ६ | अतिथि सत्कार | 120000 | 108000 | 420000 | 0 | 0 | 648000 |
| ७ | खानेपानी।विजुली | 42000 | 36000 | 120000 | 168000 | 180000 | 546000 |
| ८ | चाडपर्व खर्च | 25000 | 22500 | 80000 | 63000 | 105000 | 295500 |
| जम्मा | | 443000 | 378500 | 1494000 | 1253000 | 1103000 | 4671500 |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **स्वकिय सचिव र सल्लाहकार**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी सल्लाहकारको रुपमा १ जनालाई नियुक्त गरी बार्षिक रू ४७८४७०.०० भुक्तानी भएको छ । ऐन नियम भन्दा फरक गरी खर्च भएको र अनियमित देखिएको कार्यको आवस्यक नियन्त्रण गरी नियमित गर्नुपर्ने रु | ४७८,४७० |
| २७ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष खाना तथा विविध तर्फ मात्र रू. ८४०००.०० खर्च गरेको छ जुन आन्तरिक आयक ४ प्रतिशत हुन जान्छ । दिगो वित्तीय | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्रोतको अभावमा हुने चालु प्रकृतिका खर्चमा नियन्त्रण गर्नु पर्दछ । | | |
| २८ | | | **आर्थिक सहायता**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष विभिन्न संस्था एवं व्यक्तीहरुलाई रु २०००००.०० आर्थिक सहायता वितरण गरेको छ जुन कूल आन्तरिक आयको ९.५२ प्रतिशत हुन जान्छ । यसरी निश्चित मापदण्ड र दिगो स्रोत वेगर पटके निर्णयको आधारमा गरिने आर्थिक सहायता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | | |
| २९ | | | **अनुदान उपयोगको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर गाउँपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान ग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । | | |
| ३० | | | **अनुगमन प्रतिवेदन**<br>विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट प्रदेश विशेष अनुदान अन्तर्गत संचालित बागछेडा पातल चापाकोटे सडक उपभोक्ता समितीको रु१७१९०००.०० र मौरीखान केदारमाण्डौ सडक उपभोक्ता समितीको रु १४२९०००.०० गरी रु.३१४८०००.०० लागत अनुमान भएको योजनाहरुको १०० प्रतिशत काम सम्पन्न भएको अवस्थामा पनि कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। | | |
| ३१ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा स्थानिय तहले नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न २० वटा मन्दिर एवं मसानघाटहरु निर्माण तथा मर्मतमा रु.३७३०७५०.०० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल गाउँपालिकाको पुँजिगत बजेटको १.४ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट | | |

| | | | | |
|---|---|---|---|---|
| | | | संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्तालाई जिम्मेवारी बनाई नगरपालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | |
| ३२ | | | **ठेक्का व्यवस्थापन**<br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिदलाई खुला र प्रतिस्पर्धी बनाउन विभिन्न खरिद विधिहरुको प्रावधान छ । पालिकाले यो वर्ष पुजिगत प्रकृतिका खरिदमा रु ५ करोड २० लाख ७६ हजार खर्च गरेकोमा सिलवन्दी दरभाउपत्र मार्फत रु ७१ लाख ५७ हजार र वोलपत्र मार्फत ३ करोड ९१ लाख ४३ हजार समेत कूल ४ करोड ६३ लाखको खरिदमा मात्र प्रतिपर्धा कायम भएको छ । पालिकाले ७९.६४ प्रतिशत कार्य उपभोक्ता समितिबाट वा सोझै खरीद विधिबाट भएको देखियो । खरिदलाई प्रतिस्पर्धात्मक र खुला बनाई सार्वजनिक स्रोतको महत्तम उपयोग हुनु पर्दछ । | |
| ३३ | | | **बार्षिक खरिद योजना। गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक रू १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. २५ करोड ५८ लाख ५२ हजार पूँजीगत खर्च/खरिद/निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३४ | | | **चेनेज नखुलेको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा सार्वजनिक निकायले खरिदको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुनसक्ने वा काम पिच्छे छुट्टै सम्झौता गर्नुपर्ने समेत ध्यान दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सडक निर्माण सम्बन्धी कार्य गर्दा गत विगत वर्षको योजना सँग मेल खाने नामका धेरै सडकहरु निर्माण कार्यको भुक्तानी गरेको देखियो । निर्माण गरिने सडकको मूल लागत अनुमान तयार गरी उपलब्ध बजेट र समयको आधारमा चेनेज खुलाई फरक फरक खण्डको नाम दिई खरिद विधि छनौट गर्नु पर्नेमा एउटै नाम रहेका सडकहरु सबैको चेनेज शुन्यबाट शुरु गरेको अवस्थामा निर्माणका कार्यहरु फरक फरक खण्डका सडकहरु हुन वा एउटै खण्डका बैकल्पिक सडकहरु हुन् खुल्न आएन । यसरी एउटै खण्डमा दुई वा सो भन्दा बढी निर्माण कार्यका सम्झौताहरु हुन वा एउटै खण्डको सडकमा दोहोरो भुक्तानी भएका हुन् एकिन गर्न नसकिएकोले निर्माण योजनाहरु फरक फरक निर्माण कार्य भएको प्रमाणित गराई चेनेज खुलाई अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| ३५ | | | **आयको अनुमान** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयको प्रक्षेपण तथा ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । यो वर्ष पालिकाले आन्तरिक आय कूल रु ४७ लाख अनुमान गरेकोमा सोको ४४.२१ प्रतिशत अर्थात २१ लाख असुली भएको छ । आन्तरिक आय विस्तारको लागि राजस्व नीति तय गरी कार्यान्वयनमा ल्याइनु पर्दछ । | |
| ३६ | | | **राजश्व अभिलेख**<br>स्थानिय सरकार संचालन ऐन, २०७४ मा कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । साथै प्रत्येक वडाबाट राजश्व असूली विवरण लिई संचितकोषमा समयमा दाखिला गराउनुपर्ने देखिन्छ । | |
| ३७ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ५ वटा वडाबाट पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३८ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू २५००००.०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । घ वर्गका निर्माण व्यवसायीहरुले वार्षिक रुपमा निर्माण ईजाजत नविकरण गर्नु पर्ने व्यवस्था छ । पालिकाबाट निर्माण ईजाजत लिएका निर्माण ब्यावसायीहरुले ईजाजत पत्र नविकरण गरेको देखिएन ।पालिका क्षेत्रमा दर्ता भएका व्यवसायहरुको लगत अभिलेख राख्ने गरेको छैन | |

| | | | | |
|---|---|---|---|---|
| | | | । जसबाट पालिकाले संकलन गरेको र वक्यौता व्यवसाय करको यथार्थता परीक्षण गर्न सकिएन । तसर्थ गाउँपालिकाले आप्**m**नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३९ | | | **वन पैदावार आय असूल नभएको**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डीभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ । | |
| ४० | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा पालिकामा यस बर्ष सवारी साधन शुल्क संकलन भएको छैन । आफ्नो क्षेत्रमा संचालन हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ४१ | | | **मनोरञ्जन कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । पालिकाले आफ्नो क्षेत्रभित्र उठ्नुपर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ४२ | | | **असूल गर्न बाँकि राजश्व** | |
| ४२.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ मा गाउपालीकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण वा रेखदेख गरेको सरकारी स्वामित्वको संरचनाको उपयोग वापत बहाल शुल्क ऊठाउन पाउने व्यवस्था छ । पालीकाले यस बर्ष देहाय बमोजीमको आयको ठेक्का लगाएकोमा देखिएको कैफियत देहाय अनुसार छन् । | |

| सि.नं | आय ठेक्का | ठेकेदार | संझौता मिती | संझौता अवधि | रकम (बार्षिक) |
|---|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी,वालुवा | भागिरथी निर्माण सेवा | २०७७।०८।१६ | २०७८ जेष्ठ मसान्त | २०००००.०० |
| २ | एक्साभेटर भाडा | भागिरथी निर्माण सेवा | २०७७।०८।३० | २०७७ चैत्र मसान्त | १८०६०००.०० |
| | | जम्मा | | | २००६०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ४२.२ | | | पालिकाले संझौता गरेका उल्लेखित आय ठेक्काहरुको म्याद २०७७ चैत्र मसान्त र २०७८ जेष्ठ मसान्तमा समाप्त भएकोमा पुनः सोको ठेक्काको प्रकृया थालनी गरेको पाईएन । पालिकाले आफ्नो क्षेत्र भित्रवाट संभावित आय ठेक्काको पहिचान एवं सोको ठेक्काको प्रकृया थालनी गर्नेतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४२.३ | | | गाउँपालिका र भागिरथी निर्माण सेवा बिच मिती २०७७।०८।३० मा भएको एक्साभेटर संचालनको सम्झौताको बँदा नं १० मा सम्झौता अवधि समाप्त भएको ३ दिन भित्रमा एक्साभेटर गाउँपालीकाको कर्यालयमा बुझाउनुपर्ने उल्लेख छ । तर पुनः ठेक्का प्रकृयामा नगएको अवस्थामा समेत लेखापरीक्षण अवधिसम्म सो एक्साभेटर कार्यालयमा बुझाएको पाईएन । अतः सार्वजनिक सम्पत्तीको समुचित सदुपयोग हुनुपर्ने देखिन्छ । | |
| ४२.४ | | | गाउँपालीकाले सम्झौता गरेका दुई ठेक्काहरू मध्ये दुवैको राजश्व रकम हालसम्म पनि असूली भएको पाईएन । अतः असूल हुन बाँकि राजश्व रकम रु.२००६०००.०० सम्वन्धित फर्मबाट असूल हुने रु.. | २,००६,००० |
| ४३ | | | **एम्बुलेन्स खर्च**<br>बडिकेदार गाउँपालीका एम्वुलेन्स संचालन कार्यविधि, २०७४ एवं निर्देशिकामा एम्बुलेन्स सेवा संचालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न एक व्यवस्थापन तथा अनुगमन समिती रहने उल्लेख छ । पालीकामा एक एम्वुलेन्स रहेको र सो एम्वुलेन्सको आय र खर्च सम्वन्धि समितीले अनुगमन गर्ने गरेको पाईएन । यस बर्ष एम्वुलेन्स आम्दानी रु.८५३६००.०० र खर्च रु.५४०३१४.३३ भई वचत रु.३१३३१५.६७ भएको पाईयो । पालीकाले उपलव्ध गराएको विवरण अनुसार यस बर्ष एम्बुलेन्स सेवाको आम्दानी मध्ये रु.७१५००.०० असूल हुन बाँकि देखिन्छ । अतः सो रकम असूल गर्नुपर्ने रु. | ७१,५०० |

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदान दिएको छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४५ | | | **अनुगमन प्रतिवेदन**<br>विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपम लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट संचालित योजनाहरु संघ तथा प्रदेश विशेष अनुदान अन्तर्गत संचालन भएकोमा कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । प्राप्त अनुदान रकमको प्रभावकारी अनुगमन गरी लक्षित प्रतिफल हासिल गर्ने तर्फ केन्द्रित हुनु पर्दछ । | |
| ४६ | | | **लागत सहभागिता**<br>नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४७ | | | **प्राविधिक विल र कार्यसम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४८ | | | **हेभि इक्विपमेन्ट प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । कानूनको पालनामा ध्यान जानुपर्दछ । | |
| ४९ | | | **उपभोक्ता समिति मार्फत निर्माण कार्य**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा रू १ करोड भन्दा बढीको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितबाट गर्न नहुने व्यवस्था छ । सोही नियममा रु ६० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यमा प्रत्येक कार्य ईकाइमा उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नु पर्ने योगदान सहितको परीमाण एकिन गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ ।त्यसै गरी नियमावलीको यसै नियममा लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी रकम मू.अ.कर र ओभरहेड तथा जनसहभागिताको अंश समेत समावेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष विभीन्न निर्माण लागत अनुमान रू ६० लाख भन्दा बढी भएको अवस्थामा नियमावलीको प्रावधान अनुसार प्रत्येक कार्य ईकाइमा उपभोक्ता समितिको योगदान नखुलाई एकमुष्ठ ५ प्रतिशत लागत उपभोक्ता समितिबाट व्यहोरिने गरी सम्झौता गरेको छ ।तसर्थ कुन काम उपभोक्ता समितिबाट र कुन काम कार्यालयको आर्थिक योगदानबाट भएको हो सो खुल्दैन । अतः जनसहभागिताको अंश समेत समावेश गरी उपभोक्ता समितिसँग सम्झौता गरी सोहि अनुपातमा मात्रै भुक्तानी दिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५० | | | **निर्माण कार्यको गुणस्तर**<br>सार्वजनिक खरिद नियमावलीको नियम ११११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने, जस्ता कार्य गराएको पाइएन । यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । | |

५१

**मालसामान तथा उपकरण खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नुपर्ने व्यवस्था छ भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका अधिकांश माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन । जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन ।

५२

**सवारीसाधन खरिदमा न्यून प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन २०६३ को दफ २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कारवाही नहुने तथा दफा ८ र ९ मा सार्वजनिक निकायले सम्भव भए सम्म खुल्ला रुपमा बोलपत्र आहवान गर्नु पर्ने र प्रतिस्पर्धा सीमित हुने गरी कुनै काम गर्न नहुने व्यवस्था छ । कार्यालयबाट भएको निम्नानुसार ठेक्का व्यवस्थापनमा न्यून प्रतिस्पर्धा भएको देखिएबाट ऐनको व्यवस्था बमोजिम स्वच्छ प्रतिस्पर्धा भएको छ भन्ने अवस्था प्रति आश्वस्त हुन सकिने अवस्था देखिदैन । तसर्थ ऐनको व्यवस्था बमोजिम खरिद कारवाहीलाई अधिकतम खुल्ला र प्रतिस्पर्धात्मक बनाउनु पर्दछ

| गो.भौ।मिती | खरीद फर्म | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|---|
| १२४।०७७।१२।२८ | श्वेता ट्रेडिङ्ग कन्सर्न | मोटरसाइकल | १ | ३१६५५१.0 |
| १२५।०७७।१२।१८ | वागेश्वरी अटो मोटीक्स | स्कुटर | १ | २१३२००.० |
| १२६।०७७।१२।१८ | दिनेश अटोमोवाईल्स | मोटरसाइकल | २ | ५५६८००.०० |
| **जम्मा** | | | | **१०८६५५१.००** |

५३

**तलबी प्रतिवेदन**

शिक्षा नियमावली, 2059 (संशोधन सहित) को नियम 126 (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिकाले शिक्षकहरुको तलवी प्रतिवेदन मिती २०७७ मंसिर महिनामा मात्रै पास गरि रु. ७६९२८९१५.०० तलव खर्च लेखेको छ

| | | | | |
|---|---|---|---|---|
| | | | । पालीकाले कानूनी व्यवस्था बमोजिम शिक्षकको तलवी प्रतिवेदन यथासमयमा पास गरेर सो वमोजिम मात्रै खर्च लेख्नुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५४ | | | **तलबी भरपाई**<br>सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यरत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको चौमासिकको तलवी भरपाई एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टा।दाखिलाको प्रमाण सहित पेश गर्नुपर्नेमा पेश गर्ने गरेको पाईएन जसले गर्दा तलवी माग फारम र खर्च यथार्थपरक छ भन्न सकिएन । अतः तत्सम्वन्धमा सुधार हुनपर्ने देखिन्छ । | |
| ५५ | | | **शिक्षक दरबन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयहरुमा १५९ जना शिक्षक दरवन्दी रहेकोमा स्थायी १४८ र करार ११ जना सहित पदपूर्ति भएको देखियो । कूल ५७५९ जना विद्यार्थीको संख्या रहेकोमा प्रति शिक्षक विद्यार्थी अनुपात औषतमा 1:३६ देखिन्छ ।पेश भएको विवरण अनुसार देहायका विद्यालयमा औसत अनुपात भन्दा बढी शिक्षक दरवन्दी देखिन्छ । | |

| विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|
| दुर्गा मा.वि.देवली | ६ | १५१ | 1:२५ |
| मष्ठा आ.वी, पाताचिउरी | ३ | १५ | 1:४ |
| मंयलेश्वर आ.वी | ४ | ५७ | 1:१४ |
| डुणा आ.वि. कण्वानी | २ | १६ | 1:८ |
| देवेश्वर आ.वि. | ३ | ५३ | 1:१४ |
| शिशु दर्पण आ.वि. | ३ | ७९ | 1:२६ |
| कालीका आ.वि. छेडा | ४ | ९८ | 1:२४ |
| जनता आ.वि. भित्रिखोला | ३ | ६० | 1:२० |
| केदारमाण्डौ आ.वि. पातल | ३ | ७० | 1:२३ |
| जनप्रेमि आ.वि. | ३ | ७१ | 1:२३ |
| वयलगाँउ आ.वि. | ३ | ३३ | 1:११ |
| गौरीशंकर आ.वि. | ३ | ६६ | 1:२२ |
| नवोदय आ.वि. | २ | ६० | 1:२० |
| केदारेश्वर आ.वि. | ३ | ६० | 1:२० |
| मालीका आ.वि. | ३ | ७१ | 1:२३ |

| | | | | |
|---|---|---|---|---|
| ५६ | | | **स्रोत व्यक्ति सट्टा शिक्षक**<br>संघीय सरकारबाट हस्तान्तरण भएका शिक्षा क्षेत्रका कार्यक्रममा खर्च गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ अनुसार खर्च गर्नुपर्नेमा कार्यालयले हाल पद खारेज गरी सम्बन्धित विद्यालयमा पठन पाठनमा फर्काउने गरी निर्णय भएका स्रोतव्यक्तिलाई कार्यपालिकाको मिति २०७५ चैत्र १४ गते को निर्णयअनुसार श्री दुर्गा प्रा.वि.का शिक्षक तथा तत्कालिन स्रोतव्यक्ति श्री नवराज जोशीलाई गाउँपालिका कार्यालयमा काजमा राखेको र निजको स्थानमा धन बहादुर कलेललाई सट्टा शिक्षक राखी तलब भत्ता भुक्तानी गरेको छ । यसरी दरबन्दीको शिक्षकलाई कार्यालयमा काजमा खटाई निजको स्थानमा दोहोरो भार पर्ने गरी सट्टा शिक्षकलाई वार्षिक रू. ३७९९३०.०० तलब भत्ता भुक्तानी भएको छ । सट्टा शिक्षक राखि तलब र भत्ता वापत भुक्तानी भएको रकम अनियमित देखिएको रू. | ३७९,९३० |
| ५७ | | | **सेनीटरी प्याड खरीद**<br>गाउँपालीकाले शिलबन्दी दरभाउको आधारमा महादिप सर्जिकल एण्ड ट्रेडर्ससँग मिति २०७८।३।१८ मा खरीद सम्झौता गरी ११००० पिस हुन आउने सेनीटरी प्याड रू ४९४९९९.०० मा खरीद भएको छ । वार्षिक रुपमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको अन्तिम महिनामा खरीद गरिएकाले उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । यस्ता सामाग्री शैक्षिक सत्रहरु सुरु हुँदाको समयमा नै खरीद गरी उपयोग हुनु पर्दछ । साथै बर्षान्तमा सवै सेनीटरी प्याड मौज्दातमा नै देखिन्छ । अतः पालीकाले लक्षित विद्यार्थीहरुलाई सुविधा उपभोगको वातावरण सृजना गर्नुपर्ने देखिन्छ । | |
| ५८ | | | **थप पाठ्यपुस्तक वितरण**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ को ३.१ क(३) मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक को रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०७८ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरीदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम मात्र विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था छ । पालीकाले कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था प्रतिकूल गो.भौ.१३७।०७८।३।०७ बाट विभिन्न विद्यालयहरुलाई मागका आधारमा नभई एकमुष्ठ रु.३०८०००.०० निकासा दिएको पाईयो । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसार विद्यालयहरुको विद्यार्थि संख्या सहित नपुग भएको प्रमाण पेश हुने रु. | ३०८,००० |
| ५९ | | | **दिवा खाजा कार्यक्रम**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभीन्न ४२ विद्यालयहरुमा एकमुष्ठ तेस्रो | |

चौमासिकमा मात्रै निकासा दिएको पाईयो । जसले गर्दा निकासा एवं खाजा कार्यक्रम तोकिएवमोजिम नै छ भनी आश्वस्त हुन सकिएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था अनुसार समयमा निकासा र प्रतिवेदनहरु प्राप्त गरिनुपर्दछ ।

६०

**राष्ट्रपति शैक्षिक सुधार**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ अनुसार देहायका विद्यालयमा राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको निर्माणको लागि रकम निकासा गरेको पाईयो । तर पालीकाले सो भवनको निर्माण भए नभएको अनुगमन गरी प्रमाण पेश गरेको छैन । अतः सोको अनुगमन प्रतिवेदन सहितको कार्यसम्पन्न प्रमाण समेत लिएको छैन । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिती २०७८।०३।२० च.नं २५४ को पत्रानुसार बर्षान्त भएतापनी रकम निकासा दिई सम्पूर्ण कार्यमा सम्वन्धित विद्यालयलाई नै जिम्मेवार बनाउने उल्लेख भएअनुसार पालिकाले विद्यालयहरुको कार्यको अनुगमन गरेको पाईएन । अतः सो तर्फ पालीकाले ध्यानदिनुपर्ने देखिन्छ ।

| **सि.नं** | **विद्यालय** | **कार्य** | **निकासा मिती** | **रकम** |
|---|---|---|---|---|
| १ | चौडेल आ.वि. चयाकोट | २ कोठे भवन | २०७८।३।२४ | १२६००००.०० |
| २ | विरेन्द्र मा.वि.घाँगल | २ कोठे भवन | २०७८।३।२४ | १२६००००.०० |
| ३ | मेलघडी आ.वि. अत्तरकाँढा | २ कोठे भवन | २०७८।३।२४ | १२६००००.०० |
| ४ | मेलघटी आ.वि. पुन्तडा | २ कोठे भवन | २०७८।३।२४ | १२६००००.०० |
| **जम्मा** | | | | **५०४००००.००** |

६१

**शिक्षक दरबन्दि तथा अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ को दफा ९.१२ अनुसार शिक्षक दरवन्दि नरहेका सामुदायीक विद्यालयहरुलाई स्थानिय तहहरुले विद्यालय सञ्चालन कार्यविधि, २०७६ मा उल्लेखित अनुदानका शर्तहरु पुरा गरेका विद्यालयहरुलाई शर्तहरु पुरा गरे नगरेको समेत यकिन गरी सम्झौताका आधार बनाई शिक्षक अनुदान दिनुपर्ने ऊल्लेख छ । गाउँपालीकाले शुन्य दरवन्दि भएका विद्यालयहरुलाई शिक्षण अनुदान निकासा भनि गो.भौ १११।०७८।०१।२० बाट देहायका ६ विद्यालयहरुलाई रु.२१६००००.०० अनुदान दिएको पाईयो । पालीकाले कार्यविधीले तोकेको ईन्डिकेटरहरु पुरा गरेको विद्यालयहरुलाई मात्रै निकासा दिई सम्वन्धित विद्यालयहरुले शिक्षक नियुक्ती गरे वा नगरेको सम्वन्धमा अनुगमन गर्नुको साथै शिक्षक अभिलेख तयार गर्नुपर्नेमा सो गरेको पाईएन । जसले गर्दा लक्षित कार्यमा सदुपयोग भयो भएन यकिन हुन सकिएन । अतः कार्यविधीले तोकेको ईन्डिकेटरहरु पुरा गरेको विद्यालयहरुलाई दिनेतर्फ पालीकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| ६२ | | | **गाउँपालीका शिक्षक तलब खर्च**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ अनुसार सशर्त चालु अनुदानबाट नेपाल सरकारको स्विकृत दरवन्दिका शिक्षक राहत अनुदान शिक्षक, विषेश शिक्षा परीषदका शिक्षक एवं कर्मचारी र प्राविधिक धारका प्रशिक्षक एवं सहायक प्रशिक्षकहरूलाई मात्रै तलव निकासा दिनुपर्ने देखिन्छ । तर गाउँपालीकाले वैक नगदि किताबमा गाउँपालीका शिक्षक निकासा भनी गो.भौ.१०१।०७७।१२।२९ बाट रु.१४९००७६.०० खर्च जनाएको छ । तर सो के वापतको खर्च हो र कुन कुन विद्यालयहरुलाई निकासा दिएको हो सोको विवरण संलग्न गरेको छैन । साथै सो गोश्वारा भौचरको रकम रिभर्स एवं समयोजन प्रकृयामा समेत नदेखिएकोले सशर्त अनुदानको सो रकम गाउँपालीकाले नै यकिन गरी राजश्व खातामा दाखिला हुनुपर्ने रु... | १,४९०,०७६ |
| ६३ | | | **बैकल्पिक शिक्षा कार्यक्रम**<br>शैक्षिक पहुँच सुनिश्चितत र अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत विधालय बाहिर रहेका वालवालीकाहरुलाई लक्षित गरी विधालय शिक्षामा भर्ना तथा निरन्तरताको लागि शैक्षिक अनुदान कार्यक्रम अन्तर्गत पाठ्य सामाग्री वितरणको लागि भनी पालीकाले समावेशी ट्रेडर्सबाट शैक्षिक सामान खरीद गरेको भनी गो.भौ.२२७।७८।३।२६ बाट रु.४२९५४६.०० को शैक्षिक सामान खरीद गरेको छ । गाउँपालीकाले बर्षान्तमा खरीद गरेको उक्त सामान मौज्दातमा नै रहेकोले लक्षित समूह सम्म पुग्न सकेको छैन। अतः यस्तो कार्यक्रमहरु निर्धारीत समयमा र पारदर्शि एवं मितव्ययी समेत हुनुपर्ने देखिन्छ । | |
| ६४ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन,२०५८ तथा आयकर नियमावली, २०५९ मा रोजगार आय प्राप्त गर्ने करदाताबाट वार्षिक रुपमा संकलन हुने कर दामासाहीको दरले भुक्तानीमा कर कट्टी गर्नु पर्ने व्यवस्था छ । त्यस्तै ऐनको अनुसूची १ बमोजिम करको दर निर्धारण गरी कर कट्टी गरी पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा पालीकाले विभीन्न ६३ जना कर्मचारीको जोखिम भत्ता भुक्तानी भनी गो.भौ २४१।०७८।०३।२७ बाट रू.२१३९३९१.०० भुक्तानी दिएकोमा नियमानुसार १५ प्रतिशतले हुने कर कट्टी नगरेको साथै वार्षिक आयमा गणना समेत गरेको नपाईएकोले रु.३२०९०८.५० पालीकाले यकिन गरी असूल गर्नुपर्ने रू. | ३२०,९०८.५ |
| ६५ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले भौ.नं. ३०।२०७७।८।२०, भौ.नं. ३०, १०७, ९०, १४५, र १४६ बाट गरी रू.१५५००००।- को औषधी सिलबन्दी दरभाउपत्र मार्फत खरीद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>· खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड भएको प्रमाण पेश नभएको । औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश नभएको । | |

| | | | | |
|---|---|---|---|---|
| | | | · आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>· तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br>तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख<br>राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६६ | | | **बढि भुक्तानि** | |
| ६६.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा प्रत्येक निर्माण कार्य गराउदा उपभोक्ताको योगदान छुट्टिने गरी कार्य गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । गाउँपालीका र सतभरा सिंचाई उपभोक्ता समिती विच रु.५४६७८९५.१२ को लागत अनुमान मध्ये सशर्त अनुदानबाट रु.२५१५२१५.१५, फिनल्याण्ड सरकारको रु.२१८७१४.३६, गाउँपालीका अनुदान रु.१०९३५७१.८२ र उपभोक्ता समितीको रु.१६४०३९३.७९ योगदान रहने गरी सम्झौता भएको पाईयो । सम्झौता बमोजीम ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना, डोटीले मिती २०७८।२।२३ मा अन्तिम विल वापत रु.२४९६४०४.०० बाट लाग्ने कर रु.१३५०८५.०० कट्टा गरी रु.२३६१३१९.०० भुक्तानीको लागि सिफारीस गरेकोमा हस्तान्तरीत चालुबाट गो.भौ.१२१।०७८।२।२३ बाट रु.८२७५००.०० र हस्तान्तरीत पूँजीगत तर्फ गो.भौ.१६२।०७८।२।२३ बाट रु.२०४७८२६.०० गरी जम्मा रु. २८७५३२६.०० भुक्तानी दिएको पाईएकोले बढी भुक्तानी रकम रु.३७८९२१.०० सम्वन्धित उपभोक्ता समितीबाट असूल गर्नुपर्ने रु. | ३७८,९२१ |
| ६६.२ | | | उल्लेखित उपभोक्ता समितीलाई दिएको भुक्तानी रकममा विनोद ट्रेड एण्ड अर्डर सप्लायर्स, धनगढी (३०३७७४०७३) को विजक नं. २१।०७७।११।६ बाट रु ७४०००.०० र विजक नं. २२।०७७।११।७ बाट रु.८६८५८२.९७ भुक्तानी दिएकोमा सो विजक नम्वरहरु हातले केरमेट गरेको पाईएकोले मू.अ.कर भुक्तानी रु.१०९५४५.४७ को सम्वन्धित आन्तरीक राजस्व कार्यालयबाट मू.अ.कर समायोजन प्रमाण पेश हुने रु.... | १०९,५४५.४७ |

६७ **बिल भरपाई बेगरको खर्च** ३,३५६,२८८

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारको गो.भौ र मितीबाट देहायको खर्च लेख्दा खर्चका विल भरपाई संलग्न नभएकोले खर्चका विल भरपाई पेश हुनु पर्ने रु

| सि.नं | कार्यक्रम | गो.भौ।मिती | रकम |
|---|---|---|---|
| १ | हस्तान्तरीत चालुबाट | ९९।०७७।१२।२९ | ६६४००.०० |
| २ | " | १६७।०७८।३।१९ | ५८२१९९.०० |
| ३ | गाउँपालीका पूँजीगत | २९।०७७।८।९ | ४७९९२२.०० |
| ४ | " | ५२।०७७।१०।२६ | ३०५०००.०० |
| ५ | " | ३२१।०७८।३।३० | ७००००.०० |
| ६ | हस्तान्तरीत पूँजिगत | ११।०७७।८।३० | ४५८६५३.०० |
| ७ | " | ४४।०७७।१२।२९ | ७५६४३.०० |
| ८ | " | ४६।०७८।२।२१ | ११९४३५७.०० |
| ९ | " | २८३।०७८।३।११ | २०४११४.०० |
| **जम्मा** | | | **३३५६२८८.००** |

६८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी २२५ जनालाई र औषतमा ७७ देखि ८० दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रू.९१८१५००.०० खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ ।वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्वेश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ । | |
| ६९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमको पारिश्रमिक भुक्तानी**<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ५ बुँदा २१ (१) अनुसार स्थानिय तहले श्रमिकको ज्याला सम्वन्धित रोजगार समितीको निवेदन र हाँजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्वन्धित वडा अध्यक्षको सिफारीस बमोजिम श्रमिकको बैक खातामा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएका ५ वटा योजनाको ज्याला वापतको रकम रू.९१८१५००.०० सम्बन्धित श्रमिकको वैंक खातामा भुक्तानी नगरी रोजगार उपभोक्ता समितिको खातामा भुक्तानी गरेको छ । जसले गर्दा सम्बन्धित श्रमिकहरुले पारिश्रमिक वापतको रकम प्राप्त गरेको एकिन हुदैन । कार्यविधिले तोकेको प्रक्रिया अवलम्बन गरी सम्बन्धित श्रमिकको बैँक खातामा सोझै तलब भुक्तानी गर्नुपर्दछ । | |
| ७० | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालीकाले यस आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु.२२०८३०९.०० खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । अतः सो सम्वन्धमा सुधार हुनुपर्ने देखिन्छ । | |
| | | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७१ | | | **कार्यसम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेमा अन्तिम विल तयार हुने वितिकै कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेबाट निर्माण व्यवसायी कानूनी दायित्व बाट मुक्त हुने गरेको देखियो । | |
| ७२ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ७३ | | | **बीमा गराउनुपर्ने**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिए बमोजिम बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बीमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बीमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बीमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर मात्र निर्माण कार्यको थालनी गर्नुपर्दछ । | |
| ७४ | | | **डिपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम<br>अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| गा पा भवन | त्रिनेत्र | १००००००.०० | ९९५२९०.०० |
| १० शैया अस्पताल | के.एस | १८४००००.०० | १८३००००.०० |
| **जम्मा** | | **२८४००००.००** | **२८२५२९०.००** |

| | | | | |
|---|---|---|---|---|
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ७५ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । नियमावलीमा भएको व्यवस्था बमोजिम गुणस्तर निरीक्षण वा परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जान आवश्यक छ । | |
| ७६ | | | **मालसामान उपकरण खरिद**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने व्यवस्था छ भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका अधिकांश मालसामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन । खरिद गरिएका मालसामानमा तोकिएको गुणस्तर कायम भएको हुनु पर्दछ । | |
| ७७ | | | **अग्रिम कर छुट**<br>आयकर ऐन २०५८ को दफा ८८ वमोजीम विभीन्न भुक्तानीमा अग्रिम आयकर, बहाल कर एवं अन्य कर रकम कट्टा गरेर मात्रै भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालीकाले देहायको भुक्तानीमा विभिन्न रकम कट्टि गर्न छुट भएको वा घटि कट्टि गरेको पाईएकोले उक्त रकम असूल गरी दाखिला हुने रु.सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा प्रत्येक निर्माण कार्य गराउदा उपभोक्ताको योगदान छुट्टिने गरी कार्य गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३७ मा स्थानीय तहहरुले घटीमा २० प्रतीशत योगदान उपभोक्ताको रहनुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिसँग रु.१९०७५५०.०० मा सम्झौता भएकोमा सो सम्झौताको ८० प्रतीशतले हुने रकम रु.१५२६०४०.०० मात्रै उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्नेमा रु. २१०७७४३.०० को कार्यसम्पन्न पेश भएको भनी पालीकाले रु.१७२६२३३.०० भुक्तानी दिएको पाईयो । जसले गर्दा रु.२००१९३.०० सम्वन्धित उपभोक्ता समितिलाई बढि भुक्तानी दिएको पाईयो । अतः उक्त बढि भुक्तानी रकम असूल गर्नुपर्ने रु. | १६५,२५४ |

| गो.भौ।मिति | भुक्तानी | कट्टीगर्नुपर्ने | कट्टि गरेको | घटि रकम | ब्यहोरा |
|---|---|---|---|---|---|
| ४८।०७८।२।२१ | १६१०४५०.०० | १६१०४५.०० | ३३०००.०० | १२८०४५.०० | बहाल कर कट्टि नगरेको |
| ४८।०७८।२।२१ | ३०००१९३.०० | १८४७७.०० | ९६९३.०० | ८७८४.०० | अग्रिम कर छुट |
| ४८।०७८।२।२१ | ३०००१९३.०० | २६५०१.०० | २४०००.०० | २५०१.०० | अग्रिम कर छुट |
| ५२।०७८।२।२१ | ५३०२२५.०० | २९३६१.०० | २९३६.०० | २६४२५.०० | |
| **जम्मा** | | | | **१६५२५४.००** | |

७८

**मूल्य अभिवृद्धि कर कट्टि नगरेको**

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७७।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई एवं आर्थिक ऐन, २०७७ वमोजिम २०७८।२।१५ बाट ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालीकाले देहायका गो.भौ. र मिति बाट भुक्तानी दिंदा शतप्रतिशत नै मू.अ.कर रकम सम्वन्धित फर्मलाई नै भुक्तानी दिइको पाईएकोले नियमानुसार कट्टा गर्नुपर्ने मू.अ.कर रु. ६३६०३४.३५ को समायोजन पत्र पेश हुनुपर्ने रु..

६३६,०३४.३५

| गो.भौ।मिति | फर्म | मूल्य | मू.अ.कर | ५०,३०% ले हुने |
|---|---|---|---|---|
| ३७।२०७७।९।२३ | जय मनका जनक नि.सेवा | १७११५२६.०० | १९६९०१.२३ | ९८४५०.६१ |
| २१र२४।०७७।७।२६ | एस.एस. कन्सट्रक्सन | ३५२५७५१.०० | ४०५६१७ | २०२८०८.५० |
| १६५।०७८।२।२४ | मष्ठा विल्डर्स,धनगढी | १६९५११५४.०० | १९५०१७.७९ | ९७५०८.८९ |
| २१३।०७८।३।१० | आर्क कन्सट्रक्सनङ धनगढी | १४९९०९४.०० | १७२४६२.२१ | ५१७३८.६३ |
| २१४।०७८।३।२० | आर्क कन्सट्रक्सनङ धनगढी | १४९५६५४.०० | १७२०६६.४० | ५१६२०.०० |
| २१६।०७८।३।२० | आर्क कन्सट्रक्सनङ धनगढी | १५१७५६०.०० | १७५०२९.७२ | ५२५०९.०० |
| ३०६।०७८।३।२८ | आर्क कन्सट्रक्सनङ धनगढी | १०२७३४४.०० | ११८१९०.०६ | ३५४५७.०१ |
| ३१४।०७८।३।२९ | रिजवन ईन्जियरीङ्ग कं. | १३३११३१.०० | १५३१३९.०३ | ४५९४१.७१ |
| **जम्मा** | | | | **६३६०३४.३५** |

| | | | | |
|---|---|---|---|---|
| ७९ | | | **जमानत बेगर पेश्कि**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा स्विकृत वोलपत्रको वोलपत्रदाताले निर्माण कार्य सम्पन्न अवधी भन्दा १ महिना बढी अबधी सम्मको बाणिज्य बैंकबाट जारी गरेको बैक जमानत पेश गरेपश्चात मात्रै पेश्कि दिनुपर्ने उल्लेख छ । गाउँपालीकाले ठेक्का नं.( **SADAK/BRM/SQ/W-03/B/077-78** ) कार्यको लागि आर्क कन्सट्रक्सन सँग विभिन्न ४ सडकको निर्माण।मर्मतको लागि रु.६०१५७८०.९३ मा सम्झौता गरी सो फर्मको माग वमोजीम गो.भौ १०७।०७७।११।२६ बाट रु.१२०००००.०० पेश्कि दिएको पाईयो । गाउँपालिकाले नियमावलीको व्यवस्था अनुसार जमानत वेगर दिएको पेश्कि रकम अनियमित देखिएको रु. | १,२००,००० |
| ८० | | | **एक्जाभेटर मर्मत खर्च**<br>बडिकेदार गाउँपालीका एक्साभेटर तथा अन्य मेशिनरी संचालन तथा व्यवस्थापन निर्देशिका, २०७४ को ४.१ मा एक्साभेटर सेवा संचालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न एक व्यवस्थापन तथा अनुगमनको लागि एक समिती रहने उल्लेख छ । पालीकामा एक एक्साभेटर रहेको र सो एक्साभेटर को आय र खर्च सम्वन्धि समितीले अनुगमन गर्ने गरेको पाईएन । यस बर्ष पालीकाले एक्साभेटर मर्मतमा विभिन्न गो.भौ.बाट खर्च गरेकोमा पुनः गो.भौ. ५०।०७७।९।२५ बाट | ५३९,९९५ |

| | | | | |
|---|---|---|---|---|
| | | | एक्साभेटर मर्मत खर्च भनी रु.५३९९९५.०० खर्च लेखेको पाईयो तर सो खर्चको लागि समितीको सिफारीस एवं मर्मत आदेश संलग्न रहेको पाईएन । अतः समितीले अनुगमन तथा रेखदेख एवं सिफारीस वेगरको खर्च नियमसम्मत नदेखिएको रु. | |
| ८१ | | | **शिक्षक अनुदान**<br>गाउँपालिका अन्तर्गतमा रहेका विद्यालयहरुलाई शिक्षक व्यवस्थापनको लागी अनुदानको लागि गाउँपालिका चालुमा वजेट नपुग भएको भनी गो.भौ.२८७।०७८।३। २६ बाट एकमुष्ठ रु. २४६१८३०.०० विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । गाउँपालीकाले चालु शिर्षकमा रकम अभाव भएको भनि गाउँपालीका पूँजीगतको वडा कार्यालय वजेटबाट खर्च गरेको पाईयो । पालिकाले उक्त रकम शिक्षक विद्यार्थी अनुपात एवं विद्यालय मर्जरको आधारमा कुन विद्यालयलाइ कति शिक्षकको दरवन्दि आवश्यक हो सोको आधारमा मात्रै शिक्षा समितीको निर्णय पश्चात् विद्यालयलाई निकासा दिनुपर्नेमा आवश्यता पहिचान एवं मर्जर नगरी निकासा दिएको पाईयो । अतः आवश्यकता पहिचान गरी खर्चमा मितव्ययिता ल्याउनुपर्नेमा सो नगरेको साथै चालु शिर्षकबाट हुने खर्च वजेटमा समावेश एवं निर्णय वेगर खर्च लेखेको पाईएकोले नियमसम्मत नदेखिएको रु. | २,४६१,८३० |
| ८२ | | | **बि पि नगर खानेपानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा प्रत्येक निर्माण कार्य गराउदा उपभोक्ताको योगदान छुट्टिने गरी कार्य गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । गाउँपालीका र वि.पि.नगर उपभोक्ता समिती विच रु.७३१११६६.०४ को लागत अनुमान मध्ये उपभोक्ता समितीको रु.१९००९०३.१७ योगदान रहने र बाँकि रु.५४१०२६२.८७ गाउँपालीकाको योगदान रहने गरी सम्झौता भएको पाईयो । सम्झौता बमोजीम प्राविधिकको विल र कार्यसम्पन्न रु. ६३५३०५६.३५ को वनेकोमा सो रकममा प्रथम विलमा उठेको रकम रु.२०३५०००.०० कट्टा गरी हुन आउने रकम रु.४३१८०५६.३५ बाट उपभोक्ता समितीको आनुपातीक योगदान रु.१६५१७८९.००, पेश्कि रु.२००००००.००, अग्रिम आयकर रु.७२०८.००, सामाजीक सुरक्षा कर रु. ३२६५९.०० र ढुवानी कर रु.३३८०.०० गरी जम्मा रु.३६९५०४५.३५ कट्टा गरी उपभोक्ता समितीलाई रु.६२३०११.०० भुक्तानीको दिनुपर्नेमा पालीकाले गाउँपालीका पूँजीगतको गो.भौ.२३३।०७८।३।२२ बाट रु.६६६२५८.०० र हस्तान्तरीत पूँजीगत तर्फ गो.भौ.७३।०७८।३।२२ बाट रु.६२२९७५.०० गरी जम्मा रु. १२८९२३३.०० भुक्तानी दिएको पाईएकोले बढी भुक्तानी रकम रु.६६६२२२.०० सम्वन्धित उपभोक्ता समितीबाट असूल हुने रु. | ६६६,२२२ |
| ८३ | | | **विल भरपाई वेगरको खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारको गो.भौ र मितीबाट देहायको खर्च लेख्दा खर्चको विल भरपाई सम्पूर्ण गो.भौ एकमुठ विल भरपाई राखेको भएतापनी रु. ६८८७५।० को बिल भरपाई पेश नभएकोले नपुग रकम सम्वन्धित पदाधिकारिबाट असूल हुने रु. | ६८,८७५ |

| सि.नं. | गो.भौ।मिति | खर्च रकम | विल भरपाई पेश | प्रमाण पेश हुने |
|---|---|---|---|---|
| १ | २९८।०७८।३।२८ | २२०००.०० | ७६९७०.०० | ६८८७५.०० |
| २ | २९९।०७८।३।२८ | ३९५००.०० | | |
| ३ | ३००।०७८।३।२८ | ५००००.०० | | |
| ४ | ३०१।०७८।३।२८ | ३४३४५.०० | | |
| **जम्मा** | | **१४५८४५.००** | **७६९७०.००** | **६८८७५.००** |

८४

**केदारेश्वर मा वि भवन निर्माण अनुदान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा प्रत्येक निर्माण कार्य गराउदा उपभोक्ताको योगदान छुट्टिने गरी कार्य गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । गाउँपालीकाले केदारेश्वर मा.वि. को २ कोठ भवन निर्माण सम्पन्न भएको भनी प्राविधिक विलको आधारमा प्रथम तथा अन्तिम विलको भुक्तानी रु.१५८८२२६.०० को कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितीको योगदान रु.१६९२०३।९८ कट्टा गरी रु.१४१९०२२.०२ मात्रै उपभोक्ता समितीको खातामा रकम निकासा दिनुपर्नेमा पालीकाले गो.भौ.३०७। ०७८।३।२८ बाट रु.१५०००००.०० निकासा दिएको पाईएकोले बढी निकासा रकम रु.८०९७७.९८ सम्वन्धित उपभोक्ता समितीबाट असूल हुने रु.

८०,९७७.९८

८५

**कार्यालय भवन निर्माण**

गाउँपालीकाले दुई तल्लाको प्रशासकिय भवनको रु.४२८०९०५९.८७ को लागत अनुमान तयार गरी E-BIDDING मार्फत् ठेक्का नम्वर BRM/NCB/W-02/B/077-78 को मिति २०७८।०१।०२ मा वोलपत्र आव्हान गरेको पाईयो । सो वोलपत्रमा पाँच वटा प्राविधिक प्रस्ताव परेकोमा चार वटा वोलपत्र मात्रै पास भई आर्थिक प्रस्तावको लागि योग्य भएको देखियो । पालीकाले एक हप्ताको आर्थिक प्रस्ताव खोल्ने सूचना मिती २०७८।०३।०१ अनुसार सबै भन्दा घटी (२८ प्रतिशत कम कवोल) कवोल गर्ने फर्म सनसाईन कन्सट्रक्सन प्रा.ली.को रु.३१२५४४१३.२८ (मू.अ.कर बाहेक) को कवोल अंक स्विकृत भई मिती २०७८।३।११ मा आशयको सूचना प्रकाशन गरेको पाईयो । सनसाईन कन्सट्रक्सन प्रा. ली. ले मिति २०८० माघ मसान्त सम्मको कृषि बिकास बैक को पर्फमेन्स जमानतको आधारमा मिती २०७९।९।३० सम्म कार्यसम्पन्न गर्नेगरी मिती २०७८।३।२२ मा सम्झौता गरेको पाईयो । गाउँपालीकाले हाल भोग चलन गर्दै आएको करीव ६५

रोपनि जग्गा पालीकाको आफ्नो भोगाधिकारमा आईनसकेको अवस्थामा समेत वोलपत्र आव्हान गरी सम्झौता समेत गरेको पाईयो । हाल सोहि जग्गामा एक नाफामूलक गैर सरकारी संस्था (एफ.एम.) समेत रहेको पाईयो । यसर्थ सो जमिनलाई आफ्नो भोगाधिकारमा ल्याई कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

८६ **खरिदमा न्यून प्रतिस्पर्धा** ३,९९९,५६८

सार्वजनिक खरिद ऐन २०६३ को दफ २४ मा आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कारवाही नहुने तथा दफा ८ र ९ मा सार्वजनिक निकायले सम्भव भए सम्म खुल्ला रुपमा बोलपत्र आव्हान गर्नु पर्ने र प्रतिस्पर्धा सीमित हुने गरी कुनै काम गर्न नहुने व्यवस्था छ ।पालीकाले निम्नानुसारका कार्य दरभाउपत्र गरेकोले न्यून प्रतिस्पर्धा भएको देखिएबाट ऐनको व्यवस्था बमोजिम स्वच्छ प्रतिस्पर्धा भएको छ भनी आश्वस्त हुन सकिने अवस्था देखिदैन ।तसर्थ ऐनको व्यवस्था बमोजिम खरिद कारवाहीलाई अधिकतम खुल्ला र प्रतिस्पर्धात्मक बनाउनु पर्दछ । साथै सो कार्यहरूको अनुगमन समितीको प्रतिवेदन एवं प्राविधिक समितीको प्रतिवेदन वेगर नै भुक्तानी दिएको पाईएकोले नियमसम्मत नदेखिएको रु..

| **सि.नं** | **गो.भौ.।मिती** | **खरीद कार्य** | **खरीद फर्म** | **रकम** |
|---|---|---|---|---|
| १ | ७।०७७।७।३ | सडक ग्राभेल | मिलन निर्माण सेवा | ३९५८०३.०० |
| २ | ८।०७७।७।३ | सडक सफाई र मर्मत | भागिरथी निर्माण सेवा | ४६७७२१.०० |
| ३ | ९।०७७।७।३ | कृषि सडक सफाई र मर्मत | आर्क कन्सट्रक्सन | ४७०१०५.०० |
| ४ | ७०।०७७।१०।२६ | सडक सफाई र मर्मत | भागिरथी निर्माण सेवा | ४५६३००.०० |
| ५ | ३८।०७७।९।२४ | सडक सफाई र मर्मत | सागर कन्सट्रक्सन | ४७६०१०.०० |
| ६ | १४।०७७।७।३ | फर्निचर खरीद | शिव पार्वती फर्निचर | ४५९५३७.०० |
| ७ | १५।०७७।७।४ | फर्निचर खरीद | न्यू नवोदित ट्रेडर्स | ४८८४६०.०० |
| ८ | ४३।०७७।९।२७ | फर्निचर खरीद | शिव पार्वती फर्निचर | ७८५६३२.०० |
| **जम्मा** | | | | **३९९९५६८.००** |

८७ **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको** ५,९१०,५४३.३६

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले उल्लिखित नियमको पालना गरी नियमित गर्नु पर्ने रू.

| **क्र स** | **गो.भौ।मिती** | **उपभोक्ता समितिको नाम** | **व्यवसायी** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | ८४।०७७।११।१४ | कलरुवा ताल नि.उ.समिती | भागिरथी निर्माण सेवा | ९५९५४०.३६ |
| २ | १०६।०७७।११।२६ | गा.पा.स्तरीय खे.मै नि.उ.समिती | भागिरथी निर्माण सेवा | १४०५१३८.० |
| ३ | ११६।०७७।१२।१० | केरेनी कृ.स. नि.उ.समिती | भागिरथी निर्माण सेवा | ७६४४९३.०० |
| ४ | १२२।०७७।१२।११ | चायकोट-सल्लेरी स. नि.उ.समिती | मिलन निर्माण सेवा | १२५१६०४.०० |
| ५ | १३३।०७८।२।१८ | चौरखोला ल.ज. नि.उ.समिती | जे.पी.निर्मण सेवा | ६६८७७५.०० |
| ६ | १७७।०७८।३।६ | जुनी-वनेरी कृ.स. नि.उ.समिती | भागिरथी निर्माण सेवा | ३८३६६२.०० |
| ७ | १९३।०७८।३।११ | वडा नं ३ स. नि.उ.समिती | मिलन निर्माण सेवा | ४७७३३१.०० |
| **जम्मा** | | | | **५९१०५४३.३६** |

| | | | | |
|---|---|---|---|---|
| ८८ | | | **प्रतिशपर्धा वेगरको खरिद** | १,४१६,०५५.७२ |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरीद गर्दा लागत अनुमान तयार गरी सोको आधारमा तोकिए वमोजिमको खरीद विधिको माध्यमवाट प्रतिष्पर्धात्मक तरीकाले गर्नुपर्ने व्यवस्था छ । पालीकाले देहायका कार्यहरु विस्तृत लागत अनुमान वेगर नै दरभाउपत्र माग गरी कार्य सम्पन्न गरेको छ । तर सो कार्यको लागि पालीकाले देहाय अनुसार कार्य सम्पन्न भए पश्चात मात्रै सम्झौता गरेको पाईयो । जसले गर्दा खरीद कार्य प्रतिशपर्धात्मक र पारदर्शि छ भन्न सकिएन । अतः यस्तो खरीद कार्य नियमसम्मत नदेखिइको रु. | |

| **सि.नं** | **खरीद कार्य** | **खरीद फर्म** | **सम्झौता मिति** | **सम्पन्न हुने मिती** | **रकम** |
|---|---|---|---|---|---|
| १ | सडक मर्मत | भागिरथी निर्माण सेवा | २०७७।६।१५ | २०७७।६।५ | ४६७७२१.०० |
| २ | सडक मर्मत | आर्क कन्सट्रक्सन | २०७७।६।१५ | २०७७।६।५ | ४७०१०५.०० |
| ३ | सडक मर्मत | भद्रकाली कन्सट्रक्सन | २०७७।८।११ | २०७७।८।४ | ४७८२२९.७२ |
| **जम्मा** | | | | | **१४१६०५५.७२** |

८९

**अधूरा योजना**

गाउँपालीकाले उपलव्ध गराएको विवरण अनुसार यस बर्ष देहाय अनुसारका आयोजनाहरु सम्पन्न नभई अधुरा नै देखियो । सो आयोजनाहरु के कति कारणले अधूरा रहेहो हुन सोको पहिचान गरी सो को निराकरण गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

| **सि.नं** | निर्माणकार्य | निर्माणव्यवसायी | संझौतामिति | सम्पन्नगर्नुपर्नेमिति | योवर्षसम्मकोखर्च (हजार) | भौतिकप्रगति |
|---|---|---|---|---|---|---|
| १ | १ न वडा कार्यालय भवन | मस्टा बिल्डर्स | - | २०७८/०६/१५ | १६९५ | ६०% |
| २ | ४ न वडा कार्यालय भवन | अनमोल निर्माण सेवा | २०७६/०७/२२ | २०७८/०१/२० | - | १०% |
| ३ | ५ न वडा कार्यालय भवन | जय मनका जनक निर्माण सेवा | २०७६/०७/२२ | २०७८/०६/१७ | १७११ | ७०% |

यसरी हेर्दा वडा नं १ को वडा कार्यालयको ६०% कार्य सम्पन्न भएको र यस बर्ष रु.१६९५०००.०० खर्च भएको, वडा नं ५ को कार्यालय भवन को कार्य ७०% सम्पन्न भई यस बर्ष रु.१७११०००.०० खर्च गरेको पाईयो । तर वडा नं ४ को कार्यालय भवनको कार्य सम्झौताको २ बर्ष सम्म पनि १०% भन्दा बढी भौतिक प्रगती

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको पाईएन । यस बर्ष सो कार्यको लागि खर्च गरेको देखिएन । अतः सोको कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९० | | | **बजेटको व्यवस्था र खर्चको विवरण**<br>यस बर्ष पालीकाले कोभिड-१९ को महामारी रोकथाम तर्फ रु.२७८२०००.०० खर्च गरेकोमा रु. २१३१०००.०० डा. तथा स्वास्थ्यकर्मि नियुक्ती गरि खर्च गरेको छ भने रु.६५१०००.०० औषधिजन्य सामान खरीद गरेको छ । | |
| ९१ | | | **एफ एम सञ्चालानार्थ अनुदान** | |
| ९१.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा १०० वाट सम्मको स्थानीय एफ एम संचालन अनुमति नविकरण नियमन तथा खारेजीको अधिकार प्रदेश कानून बमोजिम स्थानीय तहलाई हुने व्यवस्था उल्लेख छ । त्यसै गरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ मा बजेटमा समावेश गरी कुनै निकायलाई आर्थिक अनुदान दिदा लक्ष्य कार्यक्रम र लागत अनुमान र कुन नियमबाट दिने स्पष्ठ खुलाई पेश गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम ५ मा अनुदानबाट संचालित कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन समेत गर्नुपर्ने व्यवस्था छ । पालिका र उक्त गैर सरकारी संस्थावीच मिति २०७६।१०।२९ मा भएको सम्झौतामा अनुसार पालिकाले कूल २५०००००.०० अनुदान दिने उल्लेख छ । पालिकाको आफ्नो आन्तरिक वित्तीय आधार कमजोर रहेको अवस्थामा संघीय तथा प्रदेश समानिकरण अनुदानबाट विशिष्ठ कार्यक्रम तथा लक्ष्य नतोकी नाफामूलक गैर सरकारी संस्थालाई विना कानूनी आधार गरेको अनुदान नियमसम्मत देखिदैन । सो सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । | |
| ९१.२ | | | पालिका र उक्त गैर सरकारी संस्थावीच मिति २०७६।१०।२९ मा भएको सम्झौताको बुँदा नं. २.१ मा एफ.एम. सञ्चालन संस्थाले सम्झौता बमोजीमको कार्य सम्पन्न गरेपश्चात वास्तविक खर्चको आधारमा अधिकतम रु.२५०००००.०० मात्र पालीकाले सञ्चार विकास नेपाल बडिकेदार डोटीलाई उपलब्ध गराउने र सो रकम भन्दा बढि भुक्तानी दिन कार्यालय बाध्य नहुने उल्लेख छ । पालीकाले सम्झौता बमोजिमको पहिलो किस्ता स्वरुप गत आर्थिक बर्षमा रु. १५०००००.०० भुक्तानी दिईसकेकोले यस बर्ष दोस्रो किस्ता स्वरुप रु.१००००००.०० मात्रै भुक्तानी दिनुपर्नेमा पुनः रु.२५०००००.०० भुक्तानी दिएकोले बढी भुक्तानी रकम रु.१५०००००.०० असूल हुने रु. | १,५००,००० |
| ९१.३ | | | पालिकाले सञ्चार विकास नेपाल बडिकेदार डोटीसँग भएको सम्झौताको बुँदा नं. १ मा पालिकाको सूचना तथा सन्देश निशुल्क | १२५,९०० |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रशारण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष उक्त गैर सरकारी संस्थालाई सूचना तथा सन्देश प्रसारण गरेको भनी रु.१२५९००.०० भुक्तानी दिइको छ । सम्झौता अनुसार दिन नपाउने रकम भुक्तानी दिइकोले असूल हुने रु. | |
| ९२ | | | **भ्रमण खर्च**<br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>· पदाधिकारी र कर्मचारीहरुले विभिन्न कार्यक्रममा सहभागि हुन जाँदा निजि सवारी धनी सँग सम्झौता गरी भाडा बापतको रकम भुक्तानी गर्ने गरेको<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ९३ | | | **घट्टेखेत झोलुङ्गेपूल**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा प्रत्येक निर्माण कार्य गराउदा उपभोक्ताको योगदान छुट्टिने गरी कार्य गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३७ मा स्थानीय तहहरुले घटीमा २० प्रतीशत योगदान उपभोक्ताको रहनुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिसँग रु.१९०७५५०.०० मा सम्झौता भएकोमा सो सम्झौताको ८० प्रतीशतले हुने रकम रु.१५२६०४०.०० मात्रै उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्नेमा रु. २१०७७४३.०० को कार्यसम्पन्न पेश भएको भनी पालीकाले रु.१७२६२३३.०० भुक्तानी दिएको पाईयो । जसले गर्दा रु.२००१९३.०० सम्वन्धित उपभोक्ता समितिलाई बढि भुक्तानी दिएको पाईयो । अतः उक्त बढि भुक्तानी रकम असूल गर्नुपर्ने रु. | २००,१९३ |
| ९४ | | | **बाख्रा पकेट विकास**<br>क) पालिकाले बार्षिक कार्यक्रम अनुसार रु.१५०००००.००बाख्रा पकेट विकास कार्यक्रममा साठी प्रतिशत अनुदानको रकम रहेकोमा सो रकम मेलघडि कृषक समूह छनौट भइ कार्यक्रम कार्यान्वयन गरिएको छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको कार्यान्वयन म्यानुअल २०७७ एवं SUTRAअनुसार ६०% | १२४,५०० |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुदान भनी रु.१५०००००.०० खर्च गरिएकोमा रु.२५०००००.०० को कार्यक्रममा रु. १५०००००.०० अनुदान दिईनुपर्दछ । तर पालीकाले रु.२१०००००.०० को लागत अनुमान बनाई रु.६०००००.०० मात्रको योगदान कृषक समुहले व्यहोर्नुपर्ने उल्लेख छ । कार्यक्रम अनुसारको रकम खर्च गर्दा ल.ई अनुसार रु.१८११३००.०० को बाख्रा र खोर निर्माण कार्यक्रम भई अन्य रकम तालीम व्यवस्थापन लगायतका कार्यक्रममा खर्च भएको छ । तसर्थ बाख्रा बितरण र खोर व्यवस्थापन वापतको खर्च रकम ४०% ले रु.७२४५००.०० लाभग्राही समूहले ब्यहोर्नुपर्नेमा रु.६०००००.०० मात्र व्यहोरेको पाईएकोले थप रु.१२४५००.०० उपभोक्ता समितीलाई भुक्तानी रकम अनियमित देखिएको रु. | |
| ९५ | | | ख) पि.एम. कृषि तथा पशुपंछि फार्मसँग रु.१२६१२६०.०० भुक्तानी दिई बाख्रा बोका खरीद गरेकोमा आयकर ऐन, २०५८ को दफा ८८ वमोजीम १.५% अग्रिम आयकर कट्टि गरेर भुक्तानी गर्नुपर्नेमा नगरेकोले असूल हुने रु. | १८,९१९ |
| ९६ | | | **बढि निकासा**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राख्नु पर्ने व्यवस्था छ । पालीकाले विधालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत बर्छैन मा.वि. भवनको लागि रु.३६०००००.०० को लागत अनुमान तयार गरी सम्झौता गरेकोमा रु.३९७२६९५.७६ को ठेक्का बिल अनुसार उपभोक्ता समितीको योगदान रु.४३६८८४.२४ कट्टा गरी रु.३५३५८११.५२ मा पेश्कि रकम रु.७२००००.००,अग्रिम कर र सामाजीक सुरक्षा कर रु.५१००.०० कट्टा गरी रु.२७६४८११.०० मात्र भुक्तानी दिनुपर्नेमा रु.२८९६३९९.०० निकासा दिएको पाईयो । तसर्थ गर्दा बढि भुक्तानी रु.१३१५८८.०० सम्वन्धित उपभोक्ता समितीबाट असूल हुने रु. | ३१,५८८ |
| ९७ | | | **भ्रमण आदेश वेगर खर्च**<br>भ्रमण खर्च नियमावली २०६४ को नियम ३ वमोजिम भ्रमण आदेश विना भ्रमण गर्न नपाउने उल्लेख छ । कार्यालयका आमन्त्रित सदस्य श्री टोप बहादुर चन्द भ्रमण आदेश विना धनगढी र महेन्द्रनगर भ्रमण गरी गो.भौ.१३४।०७७।१०।२० बाट रु.६८०००.०० खर्च लेखेको पाईएकोले विभीन्न ८ वटा भ्रमण विलको भ्रमण आदेश वेगर खर्च रकम असूल हुने रु. | ६८,००० |
| ९८ | | | **मोबाईल ल्यापटप खरिद**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन,२०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तीले आफ्नो जिम्मामा आएको सम्पत्ती ७ दिन भित्र कार्यालयको जिंसी खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । तत्कालीन कार्यालय प्रमुख श्री दिपकराज जैसी लगायतले खरीद गरेको निम्नानुसारको सामानहरु भण्डारणमा दाखिला नभएको, प्रयोगको प्रयोजन नखुलेको जस्ता व्यहोरा देखिएकोले उक्त सामानको भण्डारण भई प्रयोजन खुलेको हुनुपर्ने रु.. | ४०६,७०० |

| गो.भौ।मिती | सामान | विवरण | रकम रु. |
|---|---|---|---|
| ३७।०७७।७।४ | मोवाईल २ थान | दिपकराज जैसिलाई भुक्तानी | ४६०००.०० |
| ४३।०७७।७।२३ | डेल ल्यापटप १ वटा | वडामा दाखिला भएको भनाई | ८००००.०० |
| १३१।०७७।१०।२० | डेल ल्यापटप १वटा | गड्तौला ट्रेडर्स बाट खरीद | ९५०००.०० |
| ३७६।०७७।३।३० | डेल ल्यापटप २ वटा | गड्तौला ट्रेडर्स बाट खरीद | २५७७००.०० |
| **जम्मा** | | | **४०६७००.००** |

| | | | | |
|---|---|---|---|---|
| ९९ | | | **बिल भरपाई नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राख्नुपर्ने व्यवस्था छ । तर पालीकाले देहायका भौचरसाथ कुनै प्रमाण संलग्न नगरेको एवं न्युन प्रमाण संलग्न रहेकोले बढी भुक्तानी रु. १८१०५५.०० असूल हुने रु. | १८१,८५५ |

| सि.नं | गो.भौ।मिती | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | ३८।०७७।७।४ | रु.११२०००।- खर्च लेखेकोमा चक्र मल्लको २ थान भ्रमण बिल मात्रै रहेको | ७१२००.०० |
| २ | ३६५।०७७।३।२९ | वडा सदस्य छत्र ब.चन्दको पे.फ.भनी रु.१६०००० को फछ्र्यौट गरेकोमा रु.५०१४५।- को मात्र विल संलग्न (वैठकको रु.४००००।–र ईन्धन मात्रै) | १०९८५५.०० |
| **जम्मा** | | | **१८१८५५.००** |

| | | | | |
|---|---|---|---|---|
| १०० | | | **नर्म्स विपरीतको खर्च** | |
| १००.१ | | | पालीकाले कार्यक्रम संचालन गर्दा अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७५ अनुसार खर्च गर्नुपर्नेमा गो.भौ १६४।०७७। | |

| | | | | |
|---|---|---|---|---|
| | | | ११।१४ बाट रु.५५२०२०.०० खर्च गरेकोमा देखिएका व्यहोरा देहाय अनुसार छन । | |
| १००.२ | | | कार्यक्रमका लागी बार्षिक बिनियोजन रु.५०००००.००मात्र भएकोमा रु.५५२०२०.००खर्च भएकोले बढी खर्च अनियमित देखिएको रु. | ५२,०२० |
| १००.३ | | | कार्यक्रम सहजिकरण गरेको भनि ५ जनाको दैनिक १५००.००का दरले ८ दिनको खर्च लेखेकोले २ जना भन्दा बढी खर्च लेख्न मिल्ने आधार नभएकोले ३ जनाको ८ दिनको बढी खर्च लेखेको रकम अनियमित देखिएको रु. | ३६,००० |
| १००.४ | | | प्रशीक्षक २ जनालाई ३२ सेसनको रु.३४००.०० का दरले भक्तानी दिएकोमा तालीमको कार्यपत्र समेत नभएको र रु.२५००.०० भन्दा बढी सेसन फि खर्च लेख्न नमिल्ने देखिएकोले प्रति सेसन रु.९००.०० का दरले ३२ सेसनको हुने रु.२८८००.०० बढी व्ययभार पारेको रु. | २८,८०० |
| १०१ | | | **उपभोक्ताको योगदान कम रहेको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा प्रत्येक निर्माण कार्य गराउदा उपभोक्ताको योगदान छुट्टिने गरी कार्य गर्नुपर्ने व्यवस्था छ । साथै स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ३७ ले सो अनुसार विभिन्न कार्यक्रम स्थानिय तहहरुले घतीमा २० प्रतीशत योगदान उपभोक्ताको हुनुपर्ने देखिन्छ । पालीकाले प्रदेश पूँजिगतबाट खर्च लेख्दा सुदुरपश्चिम प्रदेश कार्यक्रम संचालन निर्देशिकामा २० प्रतिशत उपभोक्ता योगदान रहने गरी उल्लेख भए बमोजिम कार्य हुनुपर्नेमा पालीकाले गो.भौ. ६।०७८।३।१२ बाट केदार ज्योतिपूञ्ज क्याम्पस घेराबार वापत रु.१२७७७६८.८१ को कार्यक्रममा १० प्रतिशत कट्टी गरी रु.११४९८६९.०० भुक्तानी दिएको पाईएकोले नपुग १० प्रतिशत रकम उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु. | १२७,७७७ |
| १०२ | | | **सामाजिक सुरक्षातर्फ निकासा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरेको साथै लाभग्राहीको लगत कट्टा समयमा पनि गर्ने गरेको पाइएन । | |

| | | | | |
|---|---|---|---|---|
| १०३ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदाँ न १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । पालिकाले सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गरेको छैन । सूचना व्यवस्थापन प्रणालीलाई अध्यावधिक गरी आन्तरिक नियन्त्रण पक्ष प्रभावकारी बनाउनु पर्दछ । | |
| १०४ | | | गाउँपालीकाले एउटा वडाको पेश्कि अर्को वडाको सचिवलाई दिने गरेको, बैक नगदी किताब अधाबधिक नगरेको, भत्ता वितरण भरपाईमा जोड जम्मा नगरेको, वडा पधादिकारीहरुबाट प्रमाणित नभएको जस्ता अपुर्ण कागजात देखिएकोले सो तर्फ ध्यान दिई खर्च रकमलाई पारदर्शि गर्नुपर्ने देखिन्छ । | |
| १०५ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) मा बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ भन्ने व्यवस्था छ । तर गाउँपालिकाले हाल सम्म पनि सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण नगरेको एवं वडा समितिको रोहवरमा भत्ता रकम वितरण गरेको नपाईएकोले बैकिङ प्रणाली मार्फत वितरण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १०६ | | | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार एक वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिने व्यवस्था छ । तर पालिकाले सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी उपयोग नगरेकोले घटना अभिलेख दुरुस्त भएको अवस्था छैन । सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी उपयोग हुनु पर्दछ । | |
| १०७ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को परीच्छेद-५ नियम १५ मा भत्ता पाउने लाभग्राहि वाहेक अन्यलाई भत्ता वितरण गरेको पाईएमा प्रचलित कानून वमोजिम कारवाहि हुने व्यहोरा उल्लेख छ साथै भत्ता दोहोरो पर्नेगरी खर्च लेख्न नमिल्ने समेत उल्लेख छ । पालीकाको केहि वडाहरुको तीनवटै चौमासिकको भरपाई परिक्षण गर्दा निम्नानुसारको ब्यहोरा देखिएकोले उक्त दोहोरो भत्ता वितरण गरी खर्च लेखेको रकम असूल गर्नुपर्ने रु. | ५८,४०० |



https://nams.oag.gov.np

| सि.नं | वडा | क्रमसंख्या | दर | बढी | व्यहोरा |
|---|---|---|---|---|---|
| १ | ४ | ३ र ४ | १६००।- | ३२००।- | दलित बालबालीका तर्फ अमिर कार्किको पिता र जन्म मिती एउटै भएकोमा दुईवटै नाममा प्रथम र दोस्रो चौमासिकमा खर्च लेखेको । |
| २ | ४ | १८२ र १८३ | १६००।- | ३२००।- | दलित बालबालीका तर्फ भरत बहादुर जेठाराको अभिबावक र जन्म मिति एउटै भएकोमा दुईवटै नाममा प्रथम र दोस्रो चौमासिकमा खर्च लेखेको |
| ३ | ३ | ५८ र ५९ | १२०००।- | १२०००।- | जेष्ठ नागरीक तर्फ पार्वती देवी मगरको नागरीकता नं एउटै भएकोमा दोस्रो चौमासिकमा दुवै जनाको नाममा खर्च लेखेको |
| ४ | ३ | - | ८०००।- | ८०००।- | विधवा तर्फ गंगादेवी रेश्मि मगरको जन्म मिती र नागरीकता नं एउटै भएकोमा दोस्रो चौमासिकमा दुवै जनाको नाममा खर्च लेखेको । |
| ५ | ३ | २२ र २३ | ८०००।- | १६०००।- | विधवा तर्फ दिलमाया देवीको नागरीकता नं एउटै भएकोमा दोस्रो र तेस्रो चौमासिकमा दुवै जनाको नाममा खर्च लेखेको । |
| ६ | ३ | ४३ र ४४ | ८०००।- | १६०००।- | विधवा तर्फ राधादेवी वि.क.कोनाम र नागरीकता नं एउटै भएकोमा दोस्रो र तेस्रो चौमासिकमा दुवै जनाको नाममा खर्च लेखेको । |
| **जम्मा** | | | | **५८४००.००** | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०८ | | | **प्रमाण कागजात नभएको** बार्षिक कार्यक्रम अनुसार कार्यक्रम संचालन गर्दा निर्देशिकामा तोकिए बमोजिमका कागजात संलग्न गरी मात्र खर्च गर्नुपर्दछ । साथै निर्देशिकाले निर्दिष्ट गरेको प्रमाण,प्रगती प्रतिवेदन र भरपाईहरु श्रेस्तासाथ दुरुस्त गरी राख्नुपर्दछ । यस कार्यक्रम अन्तर्गत भएका खर्च परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन । | | |
| १०८.१ | | | सामाजीक परिचालक टिका कुमारी बम लाई रु.१८००००.०० कर्च लेखेकोमा निजको नियुक्ती, हाँजिरी, मासिक कार्य प्रगती | १८०,००० | |

| | | | | |
|---|---|---|---|---|
| | | | विवरण आदि पेश नभएकोले सोको प्रमाण पेशहुने रु. | |
| १०८.२ | | | बाख्रा वितरण कार्यक्रम अन्तर्गत ३० वटा बाख्रा रु.१००००.०० का दरले खरीद गरी रु.३०००००.०० खर्च लेखेकोमा सो बाख्राहरु आधिकारिक फर्मबाट खरीद नगरी निजी व्यक्तीसँग सोझै खरीद गरीएको, वितरण पछाडिको अनुगमन र प्रगतीको स्थिती कस्तो छ पेश नभएको, बाख्रा कुन प्रजातीको हो नखुलेको र सवै बाख्रा एउटै मूल्य र तौलका छन् भन्ने प्रमाण नभएकोले सो खर्च यथार्थपरक मान्न नसकिएको रु. | ३००,००० |
| १०९ | | | **मूल्य अभिवृद्धि कर शत प्रतिशत भुक्तानी गरेको**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७७।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई एवं आर्थिक ऐन, २०७७ वमोजिम २०७८।२।१५ बाट ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालीकाले देहायका गो.भौ. र मिति बाट भुक्तानी दिंदा शतप्रतिशत नै मू.अ.कर रकम सम्वन्धित फर्मलाई नै भुक्तानी दिइको पाईएकोले नियमानुसार कट्टा गर्नुपर्ने मू.अ.कर रु. ६३६०३४.३५ को समायोजन पत्र पेश हुनुपर्ने रु.. | १६२,५३० |
| ११० | | | **समिति गठन**<br>विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले प्रमुख तथा उप प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सम्म सदस्य रहेको स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको पाइएन । विपद व्यवस्थापन सम्बन्धी निर्णयहरु कार्यपालिकाले नै गर्ने गरेको देखियो । | |
| १११ | | | **कार्य योजना**<br>विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ । पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन । विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ । | |
| ११२ | | | **विपद व्यवस्थापन कोष** | |

विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ । पालिकामा विपद व्यवस्थापन कोष स्थापना भएको छैन । विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ ।

११३ **बार्षिक प्रतिवेदन**

विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेका कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ ।

११४ **उपभोक्ता समितिको योगदान कम रहेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा प्रत्येक निर्माण कार्य गराउदा उपभोक्ताको योगदान छुट्टिने गरी कार्य गर्नुपर्ने व्यवस्था छ । साथै स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ३७ ले सो अनुसार विभिन्न कार्यक्रम स्थानिय तहहरुले घटिमा २० प्रतीशत योगदान उपभोक्ताको हुनुपर्ने देखिन्छ । तर यस पालीकामा कार्यपालीकाको ०७७।५।१८ को निर्णयले १० प्रतिशत मात्र योगदान उपभोक्ताको हुनुपर्ने गरी निर्णय गरेको च । उपभोक्तालाई बढी सहभागि र जिम्मेवार बनाउन कम्तीमा २० प्रतीशत योगदान गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । यसको केही उदाहरण देहाय बमोजिम छन ।

| सि.नं | कार्य | खर्च रु. | योगदान |
|---|---|---|---|
| १ | शिवजी मा.वि., घेरावार | १०५४९८६.०० | १०% |
| २ | मष्ठ मन्दिर निर्माण | १०७३१३८.१२ | १०% |
| ३ | कालीका आधारभूत विधालय, शौचालय | ७४४८८४.०० | १०% |
| ४ | दुर्गा मा.वि. देवली, भवन निर्माण | ३३९७६५२.०० | १५% |
| ५ | झोलुङ्गे पुल निर्माण, घट्टेखेत | २१०७७४३.०० | ३% |
| ६ | बर्छेना मा.वि. निर्माण | ३९७२६९५.०० | ११% |

११५ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा स्थानीय तहको आफ्नो क्षेत्र भित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको लगत तथा मर्मत सम्भारको अभिलेख अध्यावधिक गरेको छैन । सरकारी तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापनमा कार्यालयको ध्यान जानु पर्दछ । | |
| ११६ | | | **आन्तरिक लेखापरीक्षणको बेरुजू** | |
| ११६.१ | | | प्रदेश आर्थिक कार्यविधि नियमावलीको नियम ९६(३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केको वेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराइ वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नुपर्ना असूल उपर गरी वेरुजु लगत कट्टा गराउनु पर्ने उल्लेख छ । निम्नानुसार ब्यहोरा आ.ले.प. ले औंल्याएकोमा फछ्र्यौट भएको पाईएन । अतः नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिन्छ । | |
| ११६.२ | | | केदार ग्रामिण विकास समाज डोटीलाई झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रमबाट गो.भौ ३।२०७७।७।२ बाट रु ९९७८८०.०० भुक्तानी दिइएकोमा लागत अनुमान, परामर्शदाता छनौट सम्बन्धी कागजात, सम्झौता, कार्यादेश, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात पेश नभएको रु. | ९९७,८८० |
| ११६.३ | | | सुधा ब्याग हाउसको झोला खरिदको बिल रु. ९४५८१.०० र भेष्टहरु ढुवानीको भर्पाई रु. ५०००.०० संलग्न राखी गो.भौ.१६८।२०७८।३।२० बाट सुधा ब्याग हाउसलाई रु ९७८३१.०० भुक्तानी गरेको देखिदा उक्त खर्चको प्रस्तावना अधिकार प्राप्त अधिकारीबाट स्वीकृति नभएकोले नियमित मान्न नसकिने रु. | ९९,५८१ |
| ११६.४ | | | सँगालो कृषि सहकारी संस्थालाई गो.भौ. २८२।२०७८।३।२५बाट रु.११२०००.०० का ल्यापटप प्रिन्टर लगायतका मेसिनरी सामानको बिल र अन्य बिल भर्पाइ पेश गरी भुक्तानी लिएको देखिएकोमा उक्त ल्यापटप प्रिन्टर लगायतका सामग्रीहरु कार्यालयमा फिर्ता गरी जिन्सी दाखिला गर्नुपर्ने अन्यथा सम्बन्धित सहकारी संस्थाबाट असुल हुनुपर्ने रु. | ११२,००० |
| ११६.५ | | | गो.भौ. २०७८।२।२० बाट स्वास्थ्य संस्थामा सुत्केरी भए वापत यातायत खर्च र चारपटक गर्भजाँच वापत भुक्तानीका लागि स्वास्थ्य शाखाले पेश गरेको विवरणमा कुल रकम १६७०००.०० उल्लेख भएकोमा उक्त शिर्षकबाट रु १७६०००.०० भुक्तानी | ९,००० |

<table>
<tr><td></td><td></td><td></td><td>गरेको देखिएकोले स्वास्थ्य संस्था सुत्केरी भएका र चारपटक गर्भजाँच गरेको प्रतिवेदन रकम बुझेको भर्पाई भिडान गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>११७</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि नियमावली २०६४ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको रकम नियमानुसार फछ्र्यौट हुने रु.
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.।मिती</th><th>फर्म।पदाधिकारी</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>५।०७७।७।२</td><td>अरूण कुमार सिंह</td><td>६०००००.००</td><td>-</td></tr>
<tr><td>२</td><td>६।०७७।७।२</td><td>जय मनका जनक नि.सै</td><td>६९००००.००</td><td>-</td></tr>
<tr><td>३</td><td>९५।०७७।११।२०</td><td>नबजागरण म.कृ.स.ली.</td><td>०</td><td>१६५०००.००</td></tr>
<tr><td>४</td><td>३०९।०७८।३।२८</td><td>सनलाईट कन्सट्रक्सन</td><td>६००००००.००</td><td>-</td></tr>
<tr><td>५</td><td>५७।०७७।१०।२६</td><td>सातभरा सिंचाई नि.उ.स.</td><td>०</td><td>७६९३२७.००</td></tr>
<tr><td>६</td><td>२१०।०७८।३।२५</td><td>चेडिखोला खानेपानी नि.उ.स</td><td>८७८३९५.००</td><td>-</td></tr>
<tr><td>७</td><td>२१३।०७८।३।२५</td><td>पातल भ.खा.पा.योजना</td><td>२३५६६१.००</td><td>-</td></tr>
<tr><td>८</td><td>०८।०७८।०३।२८</td><td>आर्क कन्सट्रक्सन</td><td>६०००००.००</td><td>-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९००४०५६.००</td><td>९३४३२७.००</td></tr>
</table></td><td>९३४,३२७</td></tr>
<tr><td>११८</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण</td><td></td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजु फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको निम्नानुसार बेरुजु फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गरिएकोमा संपरीक्षण गरिएको छ ।

| दफा नं | आ.व= | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|
| ४६ | २०७५।७६ | एस.एस.कन्स्ट्रक्सनको पेशकि फछ्र्यौट भई सं.प. रु. | १५०९२३५.०० |
| ८९ | २०७६।७७ | नियमित भई सं.प. रु. | ५२१४८८.०० |
| ५२ | | प्रमाण पेश भई सं.प. रु. | ३४९६५४५.०० |
| ७० | | प्रमाण पेश भई सं.प. रु. | १९९००५.०० |
| | | **जम्मा** | **५७२६२७३.००** |